श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्री कर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी प्रिपरेटरी माध्यमिक विद्यालय बानेश्वरले स्वीडिस पर्यटकसंग कार्ने नं. ९७५ "७८३ क्यू. डी. को च्यासिस नं. ५२४१२४ इन्जिन नं. ८४४७८७ को बस १ (एक) खरीद गर्दा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं जिल्लास्थित जन-ज्योति निम्न माध्यमिक विद्यालयले अष्ट्रियन पर्यटकसंग कार्ने नं. ७९५ "७८८ पी. डी. को च्यासिस नं. २१६२१३७१३९ इन्जिन नं. ADPON ३४७५४ को मिनीबस १ (एक) खरीद गर्दा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नयाँ दिल्लीस्थित द लेप्रोसी मिसनले आनन्दवन कुष्ठरोग अस्पताललाई उपहारस्वरूप प्रदान गरेको भा.रू. ८२,६६५।- मूल्य बराबरको Ruston 50 KVA जेनेरेटरमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपले छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।